# प्रेस विज्ञप्ति

## साना साना उद्यमी हातहरुलाई मुक्तिनाथ विकास बैंकको साथ

**मितिः २०७९/०८/०९**

विगत डेढ दशक देखि मुक्तिनाथ विकास बैंक लि.ले लघुवित्त कार्यक्रम मार्फत शहर तथा ग्रामिण भेगमा रहेका कम आय भएका महिला तथा उद्यमी व्यक्तीहरुलाई प्राथमिकतामा राखि घरघरमा कर्जा वचतको कारोबार गर्दै उद्यमशिलता विकासमा योगदान दिँदै आएको छ। यसै सन्दर्भमा कफीको गेडा छान्ने, पिध्ने, प्याकिङ्ग गर्ने, कफिजन्य पदार्थ उत्पादन गर्ने, बेकरी उत्पादनको क्रियाकलाप गर्ने,आयात सम्बन्धी क्रियाकलाप गर्ने र दैनिक जिविकोपार्जनमा कठिन भएका ब्यक्तिहरुलाई कफी व्यवसाय सम्बन्धी तालिम दिई व्यवसायी बनाउँदै आएको कठमाण्डौ पुतलिसडकमा अबस्थित कफी सोलुसन प्रा.लि.र मुक्तिनाथ विकास बैंक लि. बिच एक कार्यक्रम माफ कफी ब्यवसाय संचालन गर्न चाहने ब्यक्तिहरुलाई ब्यवसायीक कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ।




कफी सोलुसन प्रा. लि.ले कफी सम्बन्धी ब्यवसाय संचालन गर्न ईच्छुक ब्यक्तिहरुलाई छनौट गरी आवश्यक तालिमहरु दिई सक्षम बनाई सशुल्क कफी मेसिन उपलब्ध गराउने छ भने कफी मेसिनको लागतको ५० प्रतिशत सम्मको लागत बराबरको रकम ब्यवसायीलाई विना धितो ऋण स्वरुप मुक्तिनाथ विकास बैंकले उपलब्ध गराउनेछ। ऋण लिएर ब्यवसाय सुरु गरि त्यही ब्यवसायबाट आर्जन गरेको रकमले ब्यवसायीले बैंकलाई मासिक रुपमा किस्ता तिर्न मिल्ने ब्यवस्था गरेको छ।

यो कार्यबाट साना वर्गका ब्यवसायीहरुको दैनिक जिविकोपार्जन हुनुको साथै स्व:रोजगार श्रृजनामा सहयोग पुग्ने र भविष्यमा ठुला ब्यवसायीको रुपमा रुपान्तरित भई उद्यमशिलता विकासका साथै अर्थतन्त्रमा नै सकारात्मक प्रभाव पार्न सक्ने अपेक्षा यसै बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले लिनुभएको छ। यस्तै कफी सोलुसन प्रा.लि.का निर्देशक हरी रायमाझीले मुक्तिनाथ विकास बैंक लि. ले न्यून आय भएका वर्गका ब्यक्तिहरुलाई प्राथमिकता दिई आय आर्जन वृद्धि गर्ने कार्यमा महत्वपुर्ण भुमिका खेलेको प्रति खुशी ब्यक्त गर्नुभएको छ।

साथै, बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको ATM Card प्रयोग गरी नेपालभरी रहेको VISA Network मा आवद्ध अन्य जुन सुकै बैंकको ATM Machine बाट निशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी प्रिपेड डलर कार्ड , मोबाईल बैंकिङ्ग, क्यूआर कोड, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा तथा ***मिस्डकल बैंकिङ्ग** (**बचत सेवाको लागि: ९८०११११००२२, कर्जा सेवाको लागि: ९८०११११००२३**)* आदि जस्ता सेवाहरु बैंकको शाखामा भौतिक रुपमा उपस्थित नभई घरबाटै उपयोग गर्न सकिने व्यवस्था गरेको छ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग